बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- २०८१।८२
चलानी नं.:- १४१७

मितिः २०८१/१०/०८

विषयः एम्बुलेन्सको भाडादर सम्बन्धमा।

श्री जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, (१३ वटै),

प्रस्तुत विषयमा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को दफा ९, उपदफा (१) बमोजिम प्रादेशिक एम्बुलेन्स सेवा संचालन व्यवस्थापन समितिमा, एम्बुलेन्स सेवाको भाडादर निर्धारण समितिबाट विभिन्न मापदण्डहरुलाई आधार मानी माननिय मन्त्रीस्तरको मिति २०८१/१०/०८ को निर्णयानुसार तपशिल बमोजिमको भाडादर कायम गरिएको हुँदा सोहि बमोजिम कार्यान्वयन गर्न र गराउनु हुन अनुरोध गरिन्छ ।

तपशिलः

१.एम्बुलेन्स सेवामा भुगोल हेरी फ्ल्याग दुरी १ देखि ५ कि.मि. सम्म मानी त्यसको भाडादर रु.३०० देखी ५०० सम्म राखी जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले लागु गर्ने र गराउने।

२. दिईएको भाडादरलाई बेसलाईन बनाई जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिलाई रुट अनुसारको भाडादर कायम गर्न जिम्मेवारी दिने।

| १. 'ख' वर्ग को एम्बुलेन्स सेवा | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | भु-भाग | प्रति कि.मी को दर रेट(two way) | | | Remarks |
| | | पिच सडक | ग्राभेल सडक | कच्ची सडक | |
| १ | तराई | 61.69 | 67.94 | 81.36 | |
| | पहाडी | 100.74 | 109.10 | 121.17 | |

| २. 'क' वर्ग को एम्बुलेन्स सेवा | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | भु-भाग | प्रति कि.मी को दर रेट(two way) | | | Remarks |
| | | पिच सडक | ग्राभेल सडक | कच्ची सडक | |
| २ | तराई | 77.11 | 84.93 | 101.70 | 25% more than B type Ambulance |
| | पहाडी | 125.92 | 136.38 | 151.46 | |

*सडकको अवस्था अनुसार दर रेट निर्धारण गर्न, जस्तैः-

तराई भुभागमा रहेको बाटो जुन ५०% पक्कि,२० % ग्राभेल र ३०% कच्ची छ भनेः

दर रेट (Two way):६१.६९*०.५+६७.९४*०.२+८१.३६*०.३=६८.८

बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः-
चलानी नं.:-

मितिः-

३.तोकिएको भाडादर स्वास्थ्य मन्त्रालयबाट ६ महिनामा पुन मुल्याङ्कन गरिने।

४.विविध कारणले हालको ईन्धन मुल्य (रु १५६.५/- प्रति लिटर) मा १०% परिवर्तन आएमा भाडादर समायोजन गर्नपर्ने अन्यथा हरेक आर्थिक वर्षको सुरुवातमा भाडादर समायोजन गरिनेछ।

डा. खगेश्वर गेलाल
महाशाखा प्रमुख
चिकित्सा सेवा महाशाखा

बोधार्थः
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौं
जिल्ला जनस्वास्थ्य कार्यालयहरु (१३ वटै)